बुलेटिन सङ्ख्या: ११


बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय

# जनस्वास्थ्य कार्यालय, काभ्रेपलाञ्चोक

## प्रकोप तथा महामारी निगरानी मासिक बुलेटिन

आर्थिक बर्ष: २०८२/८३ | महिना: ज्येष्ठ | प्रकाशित मिति: २०८३/०३/१०


## मुख्य झलकहरु:




*(श्रोत: DHIS २, EWARS) (तथ्याङ्क लिएको मिति: २०८३/०३/१०)*

## महामारीजन्य रोगहरुको अवस्था

### १. डेंगी




*(श्रोत: DHIS २) (तथ्याङ्क लिएको मिति: २०८३/०३/१०)*

ज्येष्ठ २०८३ मा काभ्रे जिल्लाको पाँचखाल नगरपालिकामा जम्मा ८ डेंगु पोजेटिभ केसहरू देखिएका छन् । जसमध्य ५ जना पुरुष र ३ जना महिला रहेका छन् ।

### २. स्क्रब टाइफस

ज्येष्ठ २०८३ मा काभ्रे जिल्लाको तथ्याङ्कअनुसार स्क्रब टाइफसका ४ जना स्क्रब टाइफसका बिरामी रिपोर्ट भएको छ जस मध्य २ जना महिला तथा २ जना पुरुष रिपोर्ट भएका छन्।

### ३. जिल्ला मा देखिएका अन्य स्वास्थ्य समस्याहरू

२०८३ ज्येष्ठ महिनाको विवरणलाई २०८२ चैत्र महिनासँग तुलना गर्दा काभ्रे जिल्लामा विभिन्न सरुवा रोगहरूको अवस्थाबारे फरक–फरक प्रवृत्ति देखिन्छ। Influenza-like Illness (ILI) का केस बैशाख महिनाको २३८ बाट बढेर ४२२ पुगेको छ। त्यस्तै Severe Acute Respiratory Illness (SARI) का केस १६ बाट घटेर १५ पुगेको छ जसले मौसम फेरिने समयसँग सम्बन्धित जटिल रुघाखोकी, ज्वरो तथा श्वासप्रश्वास समस्या अलिक घट्दो क्रममा रहेको देखाउँछ। Acute Gastroenteritis (AGE) का केस ४११ बाट घटेर ३९५ मा पुगेको छ। यसले पानी तथा खाद्य स्वच्छतासँग सम्बन्धित समस्या कम भएको बुझिन्छ। डेङ्गीका केस ३ बाट बढेर ८ मा पुगेको छ भने स्क्रब टाइफस ७ बाट घटेर ४ भएको छ, जसले यो रोगको संक्रमण दरमा घट्दै आएको देखाउँछ। समग्रमा SARI, AGE र स्क्रब टाइफस जस्ता रोगहरूको घट्दो क्रम भएको तथा डेङ्गी र ILI मा केही बढि आएको देखिन्छ।

**रोग/सिन्ड्रोम अनुसारको तुलनात्मक विवरण (महिनाः चैत्र,)**

| रोगको नाम | बैशाख, २०८२ (अघिल्लो महिनामा) | ज्येष्ठ, २०८३ (यस महिनामा) | केसको संख्यामा भिन्नता |
|---|---|---|---|
| हैजा | ० | ० | ० ■ |
| डेङ्गी | ३ | ८ | ५ ■ |
| **Acute Gastroenteritis** | ४११ | ३९५ | १६ ■ |
| **SARI (Severe Acute Respiratory Illness)** | १६ | १५ | १ ■ |
| **ILI (Influenza Like Illness)** | २३८ | ४२२ | १८४ ■ |
| **स्क्रब टाइफस** | ७ | ४ | ३ ■ |

*(श्रोतः DHIS२, EWARS) (तथ्याङ्क लिएको मितिः २०८३/०३/१०)*

■ *केसको संख्या बढेको* ■ *केसको संख्या घटेको* ■ *केसको संख्यामा कुनै परिवर्तन नभएको*

# निगरानी तथा केस व्यवस्थापन सम्बन्धी गरिएका पहलहरु

## Scrub Typhus

- समुदायमा स्वास्थ्य शिक्षा दिने तथा कीटनाशक औषधि छर्काउने कार्यक्रम सञ्चालन गर्ने
- शंकास्पद बिरामीको समयमै जाँच तथा उपचार गर्ने
- केसहरूको निगरानी र नियमित रिपोर्टिङ गर्ने

## Acute Gastroenteritis

- स्थानीय तहसँग समन्वयमा खानेपानी उपभोक्ता समूहलाई अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने
- ORS, जिंक तथा आवश्यक औषधिको उपलब्धता सुनिश्चित गर्ने र पियूष (पानी शुद्धिकरण सामग्री) को वितरण गर्ने
- डिहाइड्रेसन भएका बिरामीको समयमै उपचार र आवश्यक पर्दा रिफरल गर्ने
- खाद्य स्वच्छता तथा हात धुने बानीको प्रवर्द्धन गर्ने तथा नियमित पानी जाँचको सुविधा सुनिश्चित गर्ने

## Dengue

- लामखुट्टेको प्रजनन स्थल (जमेको पानी) नष्ट गर्ने
- ज्वरो भएका बिरामीको समयमै पहिचान, उपचार र रिफरल गर्ने
- रोगको निगरानी, दर्ता तथा नियमित रिपोर्टिङ गर्ने

**आभार**

जनस्वास्थ्य कार्यालय, काभ्रेपलाञ्चोकले रोग निदान र व्यवस्थापनका लागि कार्यरत सबै सरकारी तथा निजी स्वास्थ्य संस्था र स्वास्थ्यकर्मीहरूको योगदान प्रति हार्दिक धन्यवाद व्यक्त गर्दछ।